मिति २०८३/०४/२६ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**प्रस्तावहरू**

| प्रस्ताव नं. | प्रस्तावको संक्षिप्त विषय | सम्बन्धित शाखा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा। | प्रशासन |
| २. | गाउँ शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा। | शिक्षा |
| ३. | 'घ' वर्गको निर्माण-व्यवसायीको प्रमाणपत्र खारेजी सम्बन्धमा। | सामाजिक विकास |
| ४. | गाउँ कार्यपालिकाको कार्यालय परिसरको पहिरो नियन्त्रण सम्बन्धमा। | विपद् व्यवस्थापन |
| ५. | स्थायी लेखा नम्बर (PAN) सम्बन्धमा। | सामाजिक विकास |
| ६. | भूमि प्रशासन सञ्चालन सम्बन्धमा। | सामाजिक विकास |
| ७. | बि.पी. स्मृति भवन निर्माणको ठेक्का लगाउने सम्बन्धमा। | पूर्वाधार |
| ८. | विविध। | |

**निर्णयहरू**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८३/०४/०१ गते बसेको बैठकका निर्णयहरू समीक्षा गरियो।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८३/०४/२६ गते बिहान ८:०० बजे बसेको बैठकका निर्णयहरू अनुमोदन गर्ने निर्णय सर्वसहमतबाट गरियो।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन २०८२) को दफा ३ को उपदफा (३) बमोजिम नवीकरण नभएका देहाय बमोजिमका निर्माण व्यवसायीको इजाजतपत्र ऐ कार्यविधिको दफा ४ को उपदफा (३) बमोजिम खारेजी गर्ने निर्णय सर्वसहमतबाट गरियो।

**देहाय**

| क्र.सं. | निर्माण कम्पनी/फर्मको नाम | ठेगाना | प्रोप्राइटरको नाम, थर | प्र.प्र.नं. |
|---|---|---|---|---|
| १. | तीनपाटन सौगात ब्रदर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | तीनपाटन-११ | सोम प्रसाद घिमिरे | ०४ |
| २. | बल कन्स्ट्रक्सन | तीनपाटन-११ | रित बहादुर तामाङ | ०५ |
| ३. | पोखरेल कन्स्ट्रक्सन | तीनपाटन-९ | कुलमणी पोखरेल | ०६ |
| ४. | रुद्र निर्माण सेवा | तीनपाटन-११ | पोष्टराज काफ्ले | ०८ |
| ५. | टि.एफ.ए. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | तीनपाटन-११ | तेजनाथ गिरी | १२ |
| ६. | एन.वि.टि कन्स्ट्रक्सन | तीनपाटन-७ | नेत्र बहादुर थापा मगर | १३ |
| ७. | राजु कन्स्ट्रक्सन | तीनपाटन-११ | राजु तामाङ | १४ |

| क्र.सं. | निर्माण कम्पनी/फर्मको नाम | ठेगाना | प्रोप्राइटरको नाम, थर | प्र.प्र.नं. |
|---|---|---|---|---|
| ८. | नन्दिना कन्स्ट्रक्सन कम्पनी प्रा.लि | तीनपाटन-५ | सिद्धि बहादुर कटुवाल | १८ |
| ९. | ए.सि. कला निर्माण सेवा | तीनपाटन-२ | यमलाल श्रेष्ठ | २३ |
| १०. | पि.आर. निर्माण सेवा | तीनपाटन-२ | प्रदिप राना | २४ |
| ११. | साउथ पोईन्ट कन्स्ट्रक्सन प्रा.लि. | तीनपाटन-१ | गंगा बहादुर गुर्मछान | २५ |
| १२. | वराइली निर्माण सेवा | तीनपाटन-९ | डोर बहादुर कामी | २८ |
| १३. | सेती सुन्दरी कन्स्ट्रक्सन प्रा.लि. | तीनपाटन-११ | गोपाल रुवाले | ८० |
| १४. | शिवम विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | तीनपाटन-३ | हस्त बहादुर तामाङ | ३७ |
| १५. | ह्याङ्ला निर्माण सेवा प्रा.लि. | तीनपाटन-५ | ओसन श्रेष्ठ | ४१ |
| १६. | तीनपाटन कन्स्ट्रक्सन प्रा.लि. | तीनपाटन-११ | केशव बहादुर मगर | ४२ |
| १७. | पाँच तत्त्व निर्माण सेवा प्रा.लि. | तीनपाटन-१ | गणेश बहादुर खड्का | ४३ |

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको प्रशासनिक भवनको पूर्व पट्टी मिति २०८३/०३/३० गते रातीको वर्षात्को कारण गएको पहिरो निरन्तर फैलँदै गएको र नियन्त्रण नगर्दा प्रशासनिक भवनमा समेत क्षति पुग्ने देखिएकोले तत्काल दीर्घकालीन नियन्त्रणको उपाय गर्न आवश्यक भएकोले सेवा परामर्शबाट भूगर्भविद् समेतको टिमबाट अध्ययन प्रतिवेदन प्राप्त गरी सो प्रतिवेदन बमोजिम विनियोजित बजेटबाट पहिरो नियन्त्रणका कार्यहरू क्रमशः गर्ने निर्णय सर्वसहमतबाट गरियो।

निर्णय नं.५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाबाट स्थायी लेखा नम्बर (PAN) जारी गर्न यस गाउँपालिकाको सामाजिक विकास शाखाबाट एक जना कर्मचारी तालिम लिन आन्तरिक राजस्व कार्यालय एवं कोष तथा लेखा नियन्त्रण कार्यालय, सिन्धुलीमा खटाउने निर्णय गरियो।

निर्णय नं.६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकामा भूमि सम्बन्धी सेवा सुचारु गर्नको लागि आवश्यक व्यवस्था गरिदिन सङ्घीय सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं.७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व.२०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको "वि.पि. स्मृति भवन निर्माण-तीनपाटन ११" शीर्षकमा विनियोजित बजेट रु.१,००,००,०००/- (एक करोड) तत्काल कार्यान्वयन गर्न प्राविधिक लागत अनुमान तयार गरी ठेक्का आह्वान गर्ने निर्णय सर्वसहमतबाट गरियो।

मिति २०८३/०४/२६ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

निर्णय नं.८

प्रस्ताव नं. ८ विविध प्रस्ताव माथि छलफल गर्दा देहाय बमोजिम निर्णयहरू सर्वसहमतबाट पारित गरियो:

(क) यस गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७९ (दोस्रो संशोधन समेत) बमोजिम कर्मचारीहरूलाई प्रदान गर्दै आएको इन्धन तथा सञ्चार सुविधा मिति २०८३/०१/११ गतेको गाउँ कार्यपालिकाको बैठकबाट कटौती गर्ने निर्णय भएकोमा चालू आ.व.२०८३/०८४ को साउन महिनाबाट कार्य सञ्चालन निर्देशिका, २०७९ (दोस्रो संशोधन समेत) ले तोके बमोजिम नै इन्धन तथा सञ्चार सुविधा उपलब्ध गराउने निर्णय गरियो।

(ख) श्री माध्यमिक विद्यालय लाम्पन बतासेको प.सं.८३/८४, च.नं.१२ मिति २०८३/०४/२० गतेको पत्रबाट विद्यालयमा खानेपानी व्यवस्थापन गर्न ५० मिलिमिटर को जम्मा ५५ मिटर पाइप माग भई आएकोले सो परिमाणको पाइप आकस्मिक कोषबाट खरिद गरी वितरण गर्ने निर्णय गरियो।

(ग) यस गाउँपालिकाका तपसिलका पदाधिकारीहरू बिरामी भई स्वास्थ्योपचारको सिलसिलामा रहनु भएकोले तपसिल बमोजिम उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| सि.नं. | पदाधिकारीको नाम थर | पद | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री वीर बहादुर पूलामी | वडा अध्यक्ष-६ | ५०,०००/- (पचास हजार) | |
| २. | श्री डेड बहादुर राना | वडा सदस्य-६ | ३०,०००/- (तीस हजार) | |
| ३. | श्री घनश्याम समाल | वडा सदस्य-७ | ३०,०००/- (तीस हजार) | |

(घ) यस गाउँपालिकाबाट सेवा निवृत्त कर्मचारी अधिकृत छैठौं श्री विष्णु प्रसाद काफ्ले (क.सं.नं.१५९८८४) को मिति २०८३/०४/२५ गते सोमवार भएको असामयिक निधन प्रति यो बैठक गहिरो दु:ख व्यक्त गर्दछ। उहाँले गाउँपालिकाको विकास र सामाजिक सेवामा पुर्‍याउनुभएको योगदानको उच्च सम्मान गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं। साथै, शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

*आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।*